“आफ्नै भाषामा कार्यक्रम बनाएर टिभी च्यानलबाट देखाउन सफल भएकोमा मलाई जीवनमा सबै भन्दा ठुलो कार्य गरे जस्तो लागेको छ।
आफु चेँसम्म आफ्नो भाषा प्रती केही न केही गर्छु भन्ने मनमा संकल्प लिएको छु।“
-शंकर महर्जन, नेवारी चलचित्र, कार्यक्रम निर्माता



नेवारी समाजमा भाषागत फिल्म, म्यूजिक भिडियो, जोक्स कलेक्सन र डकुमेन्ट्री क्षेत्रमा पाटनलाई कर्मथलो बनाएका शंकर महर्जनको नाम निकै अगाडि आउँछ। उनले निर्माण गरेको हिसिमदु फिल्म गत वर्ष सम्पन्न अन्तरार्ष्ट्रिय आदिवासी चलचित्र महोत्सवमा पनि प्रदर्शन भएको थियो।

हिसिमदु नेपाल भाषामा विशेष गरि अहिलेको समयको स्थितिलाई दर्शाउन खोजिएको छ। सबै पुरुषहरु खराब हुँदैनन्- घरायसी परिस्थितिले प्रेम गरेको युवतीलाई चटक्क छोडेर आमा बाबाको आग्रह अनुसार अर्कैसँग विवाह गरेपछि विछोडिएको प्रेमले आखिरमा समर्पण गर्दछ भन्ने कथालाई प्रस्तुत गरिएको हिसिमदुको राम्रो पक्ष भनेको भाषा संरक्षण नै हो। शंकर महर्जनकै संलग्नतामा अहिले डिजिटल प्रविधिमा नेवार समाजमा नै पहिलो बम र बारुदको मारधारपूर्ण फिल्म बनाउँदैछन्- शंकर। यो फिल्म दुई भाषामा निर्माण हुँदैछ- एक नेवारी र नेपाली। यस्तै कुराहरु समेटेर पाटनमा साम अडियो/भिडियो प्रोडक्सन खोलेर नेवारी समाजमा कार्य गरिआइरहेका शंकर महर्जनसँग हाम्रा सम्पादन सहकर्मी मेजन पुन मगरले गनु भएको कुराकानी:

**तपाई कहिलेदेखि यस क्षेत्रमा लाग्नु भएको हो ?**
शंकर : म २०४४ सालदेखि यस क्षेत्रमा लागेको हुँ । तर व्यवसायी रुपमा चाहिं २०५५ सालमा स्पेश टाइम नेटवर्क (च्यानल नेपाल) मा काम गरेपश्चात लागेको हुँ ।

**कसको प्रेरणाले लाग्नु भएको हो ?**
शंकर : पहिला सौखिनको रुपमा मात्र सोचेको थिएँ । र, त्यही हिसाबले मात्र भिडियो/फोटो खिच्ने गर्दथे । साथीभाईहरूले अक्सर कुनै शुभ कार्य हुँदा बोलाएर फोटो/भिडियो खिंच्न लगाउँथे । अनि फोटो/भिडियो खिचेको हेरेर प्रशंसा गर्दथे । जसले गर्दा मेरो मनोबल बढेर आउन थाल्यो । यस क्षेत्रमा नै लाग्छु भनेर मात्र सोचेको थिए तर अकस्मात, म ३ महिनासम्म बिरामी परें । मेरो पढाईमा पनि ठूलो नोक्सानी भयो । जसले गर्दा मैले बाबा आमाको इच्छा पूरा गर्न सकेन । निको भैसक्दा पढ्न नसकेकोमा मेरो आँखाबाट आँसु आयो । त्यसैले नाम राख्नको लागि नै अब म यस क्षेत्र लाग्ने प्रण गरेको हुँ ।

**आफूले गरेको कुन कामदेखि सन्तुष्ट हुनुहुन्छ ?**
शंकर : देखासिकी मान्छेहरू धेरै चाहना गर्छन् तर मलाई के लाग्छ भने आफ्नो व्यवसाय माथि नै आत्मविश्वास राखेर काम गरेको हुँदा म धेरै थोरै भए पनि मैले आफुले गरेको सबै कामप्रति सन्तुष्ट छु ।

**यस क्षेत्रमा तपाईले गरेको कुनै महत्वपूर्ण क्षण ?**
शंकर : यस क्षेत्रमा लागेर मैले बिर्सन नसकिने क्षण भनेको- सिक्किमको चिफ मिनिस्टर डा. पवनकुमार चाम्लिङज्यूसँग १२ दिन बिताएर बनाएको म्युजिक भिडियो छायांकन गरेको क्षण नै हो । यसै सिलसिलामा म चीनको संघाई, बेइजिङ, तिब्बत गएर डकुमेन्ट्री बनाउन पाएको क्षण पनि मेरो लागि महत्वपूर्ण छ । मैले आफ्नो नेवारी भाषाप्रति फिल्म/म्युजिक भिडियो एल्बम, डकुमेन्ट्री निकाल्ने र Jokes को VCD बजारमा ल्याएको दिनहरू पनि महत्वपूर्ण क्षण मान्दछु ।

**IFA को ट्रेनिङ्गको प्रभाव कस्तो लाग्यो ?**
शंकर : अब IFA को ट्रेनिङ्गले पक्कै पनि नेवार समुदायको अब बन्ने फिल्ममा पहिले बनाएको भन्दा उच्च स्तरको बनाउने छु भन्ने लागेको छ ।

**नेवारी भाषामा कार्यक्रम गर्दा नेवारी समाजले तपाईलाई कस्तो नजरले हेरिरहेका छन् ?**
शंकर : मैले नेपाल भाषामा पहिलो स्याट लाइट कार्यक्रम च्यानल नेपालबाट “थ्यन खँ ला !” भन्ने प्रोग्राम ५५ श्रृंखला चलाए र नेपाल भाषाकै पहिलो भीसीडी जोक्स ‘आ.. या.. वा.. वा.. प्वा.. स्यात’ निकाले । जसले गर्दा नेवारहरू अहिले नेवारी फिल्म तर्फ अलि बढी आकर्षित भएको पाएको छु । धेरै प्रंशसा पनि गर्नु हुन्छ । नेवार भाषामा पनि कुनै न कुनै कार्य भइरहेको छ भनी बुढापाकाहरू गौरव गर्छन् । नयाँ नयाँ कार्यक्रमहरू अगाडि ल्याउनुपर्छ भनी प्रोत्साहन दिईरहनु हुन्छ ।

**तपाईको खास क्षेत्र कुन हो ?**
शंकर : मेरो खास क्षेत्र भन्नु पर्दा क्यामेरा हो । थोरै मात्रामा निर्देशन र सम्पादन पनि गर्छु । मेरो मुख्य लक्ष्य नै क्यामेरा म्यान बन्नु हो । मैले क्यामेरालाई जीवनसाथी बनाएको छु । म क्यामेरासँग काम गर्न सक्छु । अरु काम अपनाउन सक्दिन ।

**भाषामा कार्यक्रम गर्दा कस्तो अनुभूति भयो ?**
शंकर : आफ्नो भाषा आफूलाई प्यारो त लाग्ने नै भयो । आफ्नै भाषामा कार्यक्रम बनाएर च्यानल मार्फत देखाउन पाएकोमा मलाई जीवनमा सबैभन्दा ठूलो कार्य गरें जस्तो लागिरहेको छ । कार्यक्रम बनाउन त गाह्रो कुरा हो तर जब च्यानल मार्फत प्रशारण हुन्छ तब म लगायत सम्पूर्ण युनिट बनाउँदा गरेको दुःख सबै बिर्सेर

आनन्दको अनुभूति गर्दैछौं। जे होस् आफू बाँचेसम्म आफ्नो भाषाप्रति केही न केही गर्छु भन्ने मनमा पलाएको छ।

**भविष्यको योजना ?**
शंकर : योजना धेरै छन् तर हरेक वर्ष मैले कुनै न कुनै फिल्म, म्युजिक भिडियो, जोक्स, डकुमेन्ट्री फिल्म निकाल्दै आइरहेको छु। अब आउने वर्षमा भने एउटा भजन र भिडियो म्यागाजिन निकाल्ने योजना गरेको छु।

**कुनै छुटेका कुराहरू ?**
शंकर : यसरी यहाँसम्म आएर मेरो अन्तर्वार्ता लिनु भएकोमा usnepalonline.com लाई धन्यवाद। मैले नेपाल भाषामा कार्यक्रम गरेको र भीसीडी बजारमा निकालेको फिल्म हेरेर थपघट गर्नुपर्ने कुरा भए सल्लाह, सुझावको अपेक्षा गर्दछु। जसले गर्दा अब निर्माण हुने फिल्ममा सुधार गर्न सहयोग मिल्ने छ। सबैलाई ज्वज्व लपा !

**नजिकबाट शंकर महर्जन**
नाम : शंकर महर्जन
जन्म : २०२५/०७/१५
अध्ययन : बि.एस्सी
विवाह : २०४५
श्रीमती : आरती महर्जन
छोरा : २
बाबा : बाबुकाजी महर्जन
आमा : पुनुमाया महर्जन
स्थायी ठेगाना : ल.पु.उ.म.न.पा. - २१, गावाहाल, कुछेननी, ललितपुर
फिल्म : हिसिमदु, शंकरा
म्युजिक भिडियो : (क) आ स्वयेगु मखुला ?
ख) हाकनं छक स्वयेगु मखुला ?
ग) तजिलजि
जोक्स : आ..या..वा..वा..प्वा स्यात
ईति ईति इनि नी.. नी..
डकुमेन्ट्री : आनन्दादी लोकेश्वर